# विजयसाल: एक परिचय



नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन तथा भू- संरक्षण विभाग
वन सम्वर्धन शाखा
बबरमहल, काठमाडौं
२०७६

CamScanner

# १. पृष्ठभूमी

## १.१ परिचय

**Scientific name: *Pterocarpus marsupium Roxb.***

**English name: Malabar kino**

**Family: Fabaceae**


**Local name: Bijaysal**

विजयसाल समुन्द्री सतहबाट १०० देखि ५०० मिटरको उचाइमा पतझड उष्णकटिबन्धीय वनमा (Deciduous Tropical Forests) पाइने ३३ मिटर सम्म अग्लो र मझौला देखि ठूलो साईजसम्मको हुने बहुउपयोगी पतझड रुख हो। Ptero भनेको पखेटा भएको, Carpus भनेको फल र Marsupium भनेको गोजी हो। यसरी Pterocarpus marsupium भनेको विशेष पकड क्षेत्रमा हुने पखेटे फल लाग्ने रुख हो। यसको बोक्रा अलिअलि चिरा परेको खरानी रङ्ग वा गाढा खैरो रङ्गको हुन्छ र बोक्रामा काट्दा वा चोट लाग्दा रातो रङ्गको चोप निस्कन्छ। विजयसालको पातहरु मिश्रित हुन्छन्। पातको आकार दीर्घबृत्ताकार वा अण्डाकार वा मालाकार हुन्छ। फूल पहेंलो रङ्गको हुन्छ र हाँगामा झुप्पा-झुप्पा भएर फुल्दछ, फूलको डाँठ हल्का रौं भएको खिया रङ्गको हुन्छ, फूलको डाँठ ०.२ से.मि. हुन्छ, त्यसको टुप्पोमा अण्डाकारका २ वटा स-साना फ्यासफ्यासी भएर झर्ने खालका सहपत्रिका लागेका हुन्छन्। यसको कोसा कडा, गोलाकार हुन्छ र सामान्यतया ०.२-०.३ से.मि. लामो डाँठ हुन्छ। यसको फूल अगस्ट देखि अक्टुवर महिनासम्म फुल्छ र फल जनवरी देखि अप्रिल महिनासम्ममा लाग्छ। यसको रुख अग्लो र वीउ हलुका र भुवा सहित हुने भएकोले वीउहरु परपर सम्म छरिएर जान्छ र परिपक्व रुखभन्दा टाढा टाढा बेर्ना र विरुवा उम्रिएका हुन्छन्। यसको रुखले मध्यम खालको प्रकाश खोज्छ अनि सीमित ठाँउमा मात्र पाइन्छ र बाक्लै उम्रिएको देखिदैन। यो उवडखावड र समतल दुवै खाले जमिनमा पाइन्छ र धेरै किसिमको माटोमा हुर्कन्छ। बलौटे पाँगा माटो र जल निकास भएको ठाँउमा राम्रो हुन्छ। विजयसाल प्रायः उत्तर मोहडा र विशुद्ध सालको जंगलमा अथवा सालसंग अन्य प्रजातिका रुखहरु जस्तै कर्मा (Adina cordifolia), सिन्दुरे(Mallotus philippensis), हर्रो-बर्रो (Terminalia spp), खयर (Acacia catechu) र मिश्रित पतझड रुखहरुको मिश्रित वनमा पाइन्छ।

## १.२ पाइने ठाउँ

विजयसाल विश्वका केही सीमित ठाँउहरु भारत, नेपाल, बंगलादेश, श्रीलंका र ताइवानमा मात्र पाइन्छ। त्यस्तै उष्णकटिबन्धीय दक्षिण एसियामा यसको विस्तृत स्थानीय दायरा रहेको भनिएता पनि सो दायरा भित्रको उपलब्ध संख्या अज्ञात छ। नेपालमा विजयसाल कन्चनपुर देखि नवलपरासीसम्मका सिवालिक पहाडका कछाडमा प्राकृतिक रुपमा रहेको पाइन्छ। यो प्रजाति तराईको कन्चनपुर, कैलाली, बर्दिया, बाँके, कपिलवस्तु, रुपन्देही र नवलपरासीमा पाईन्छ साथै अन्य केहि जिल्लाहरु जस्तै पाल्पा, अर्घाखाँची, मकवानपुर, रौतहट र झापामा पनि पाइने गरेको भनिएता पनि ती जिल्लाहरुमा कहाँ कहाँ पाइन्छ भन्ने कुराको यकिन भैसकेको छैन्। यो प्रजातिको संख्या अझै यकीन नभएता पनि स्थानीय तथा जिल्लास्तरमा यसको संख्याका बारेमा केही छिटपुट अध्ययन भने भएको पाइन्छ। कन्चनपुरको १२ वटा सामुदायिक वनमा लगभग ४०० वटा जति परिपक्क रुख रहेका छन्, त्यस्तै कपिवस्तुको बुद्धभुमि-१० मा ५०० भन्दा बढी परिपक्क रुखहरु रहेका छन् भने बुटवलका विउ वगैंचामा ३९६ वटा विजयसालको बोटहरु रहेका छन्।

CamScanner




## १.३ पुनरुत्पादन विधि

विजयसाललाई नर्सरीमा उमार्नको लागी आर्द्र वातावरण र पातलो छाँया चाहिन्छ। यसको वीउको कोसो कडा हुने , ज्यादै कम उम्रने र छोटो आयु हुने भएकोले ३० प्रतिशत भन्दा पनि कम वीउ मात्र उम्रन्छ। त्यसैले वीउ उम्रनका लागी यसलाई पर्याप्त छाँया सहितको झार नभएको फुक्का माटो चाहिन्छ। पहिलो वर्षमा विरुवा ज्यादै कम बढ्छ, प्राकृतिक अवस्थामा २-३ इन्च मात्र बढ्छ तर अनुकुलन हेरचाह पुग्दा नर्सरीमा ३ फिट सम्म बढ्न सक्छ। दोस्रो वर्षमा प्राकृतिक अवस्थामा विरुवा २-५ फीट सम्म अग्लो हुन्छ। यसको विरुवा र बेर्ना नाजुक र संवेदनशील हुने भएकोले तुषारो र खडेरी सहन सक्दैन, त्यसैले यसलाई घामबाट जोगाउनु पर्छ। बेर्ना र बोटले घना बाक्लो उर्ध्व छाँया पचाउन सक्दैन् तर पार्श्ववर्ती छाँयामा भने हुर्कन सक्छ।

# २. महत्व

यस प्रजातिको प्रयोग बहुउपयोगी र महत्वपूर्ण रहेको छ। यो प्रजातिको दाना, बोक्रा, चोप, काठ, तथा पात समेत विभिन्न प्रयोजनका लागी उपयोगी छन्।

**दानाः** यसका दाना र कडा काठको लेप डायवेटिक एनेमियाका लागी उपयोगी हुन्छ।


**बोक्राः** यसको बोक्रा पेट दुख्दा, हैजा, आउँमाशी, पिसावजन्य खराबी, जिन्रोको रोग, दाँत दुखेकोमा उपचार गर्न प्रयोग गरिन्छ।

**चोपः** यसको चोप रेजिन (किनो) प्यान्क्रियाजमा वेटा सेल उत्पन्न गर्ने इन्सुलिन बनाउन काम लाग्छ। साथै पेट तथा भुँडी सम्बन्धी समस्या लगायत उग्र ग्याष्ट्रिटिस, छाला तथा रगत सम्बन्धी रोगहरु, यौनशक्ति बढाउन तथा पखाला, आउँमाशी र दाँत दुख्ने समस्याबाट छुट्कारा पाउन समेत यसको प्रयोग गरिन्छ। कन्चनपुरका स्थानीय बासिन्दाहरु शरीर र जोर्नी दुख्दा औषधिको रुपमा यसको चोप अर्थात किनोको प्रयोग गर्दछन्।

**काठः** यसको काठको प्रयोग शीतलता दिन, जलन निको पार्न, शुद्धिकरण गर्न, रक्तस्राव रोक्न, वान्ता गराउन, पेट सफा गराउन र कब्जियत निको बनाउन गरिन्छ। त्यस्तै यसको काठ फर्निचर, गाडा बनाउन (पाङ्गाको बाहिरी घेरो, पाङ्गाको धुरा), कृषि उपकरण (हलो), अन्न भर्ने मानोपाथी, नक्कासी, छानो अड्याउने टेको, रेलवेको क्यारिएजका साथै हस्तकलाका सामान (कप, भाँडाकुँडा) बनाउने काममा पनि प्रयोग गरिन्छ। यसको काठबाट बनाएको पानी खाने गिलासमा पानी खाने गर्नाले

CS CamScanner

चिनी रोगका बिरामीलाई फाइदा पुग्दछ । साथै डालेघाँस र सोत्तरको लागी पनि विजयसाल निकै राम्रो मानिन्छ ।



## ३. अवसर, समस्या, र चुनौती

### अवसर:

विजयसाललाई महत्वपूर्ण प्रजातिको रुपमा राखि यसको प्रजाति संरक्षणार्थ विभिन्न प्रयासहरु भईरहेका छन् । यस प्रजातिको बहुआयामिक उपयोग र आर्थिक उपयागिताको कारण सरकार, स्थानीय बासिन्दा, सार्वजनिक तथा निजी साझेदारहरुलाई यसको संरक्षण तथा व्यवस्थापन कार्यमा सहभागी गराई उच्चतम प्रतिफल प्राप्त गर्न सकिन्छ। साना तथा मझौला उद्योगहरु स्थापना गरी व्यवस्थित तरिकाले विजयसालको दाना, बोक्रा, चोप र काठबाट विभिन्न रोगहरुको औषधी, कृषि उपकरण, फर्निचर, हस्तकला सामाग्री आदीको उत्पादन गरी व्यवसाय संचालन गर्न सकिएमा स्थानीयस्तरमा आयआर्जनका सम्भावनाहरू बढ्न गई स्थानीय समुदायको जीविकोपार्जनमा सुधार ल्याउन सकिन्छ । साथै स्थानीय समुदायसँग रहेको विजयसालसँग सम्वन्धित परम्परागत ज्ञान र सीपको जगेर्ना गर्न सकिएमा अन्तरपुस्तामा ज्ञान हस्तान्तरण गर्न सकिन्छ ।

### समस्या:

- राष्ट्रिय तथा स्थानीय तहमा विजयसालको संरक्षण कार्यलाई कम प्राथमिकतामा राखिनु,
- संरक्षण तथा अनुसन्धानका लागी स्रोतको अभाव,
- संरक्षणको अवस्था प्रति जनचेतनाको कमी,
- खेतीपाती विस्तार तथा पूर्वाधार विकासका लागी वन र वन छेउको जमीन अतिक्रमण भएर विजयसालको वासस्थान मासिनु,
- डालेघाँस र सोत्तरका लागी अत्याधिक दोहन हुनु,
- अति चरिचरणको कारणले विजयसालको विरुवाहरु/मुनाहरु कुल्चेर नासिनु,
- वन डढेलो,
- विजयसालको परिवेश, प्रजनन, संख्या र सांख्यिकीय गतिशिलता बारे ज्ञानको अभाव ।

CS CamScanner

**चुनौती:**

- विजयसालको वासस्थानमा ह्रास, वन क्षयिकरण र खण्डीकरण,
- ज्यादै कम उम्रनु, ज्यादै ढिलो बढ्नु, खास स्थान विशेषमा मात्र पाइनु,
- अवैध कटान (काठ, डालेघाँस, सोत्तर, औषधि, सामाग्री निर्माण),
- अनियन्त्रित चरिचरन,
- अव्यवस्थित विकास निमार्णका कार्यहरु,
- विरुवा उमार्ने प्रयोग सफल हुन नसक्नु ।

## ४. कानूनी तथा नीतिगत दस्तावेज

अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघले यो प्रजातिलाई रातोसूचीको जोखिम निकट (Near Threatened) श्रेणीमा राखेको छ भने नेपाल सरकारले विजयसालको रुख ढाल्न र यसको ओसार पसार गर्न तथा निर्यात गर्न प्रतिबन्ध लगाएको छ । विजयसालको संरक्षणमा सघाउ पुग्ने नीतिगत दस्तावेज, कानून, रणनीति तथा कार्ययोजनाहरूमा नेपालको संविधान, २०७२; वन ऐन, २०४९; राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९; वातावरण संरक्षण ऐन, २०५३; नेपाल वातावरण नीति तथा कार्ययोजना, २०४९; वन नीति, २०७१; वन क्षेत्र रणनीति (२०७२-२०८१); नेपाल जैविक विविधता रणनीति तथा कार्ययोजना (२०१४-२०२०); र दिगो विकासका लागि प्रकृति संरक्षण राष्ट्रिय रणनीतिक संरचना (२०७१-२०८६), तराई भू-परिधि रणनीति तथा कार्य योजना (२०७२-२०८२), दिगो विकास लक्ष्य (२०७१-२०८६) राष्ट्रिय प्रतिवेदन प्रमुख छन् । नेपाल राष्ट्रिय जैविक विविधता रणनिति तथा कार्ययोजना (२०१४-२०२०) र तराई भू-परिधि रणनिति तथा कार्ययोजना (२०७२-२०८२) ले विजयसालको संरक्षणको महत्वका साथै यसको पुनर्स्थापना तथा दिर्घकालीन बचाउको सुनिश्चितताको लागी तत्कालै रणनीतिक योजनाको आवश्यक रहेको कुरालाई जोड दिएको छ । नेपालको राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना, २०१४-२०२० ले कम्तीमा २० प्रजातिको संरक्षण योजना निर्माण र कार्यान्वयनलाई प्राथमिकतामा राखेको छ। त्यसै गरि दिगो विकास योजनाले सन् २०३० सम्म ३० वटा प्रजातिको संरक्षण कार्ययोजना बनाउने लक्ष्य प्रस्तुत गरेको छ। जैविक विविधताको संरक्षण प्रति नेपालले देखाएको प्रतिवद्धतालाई मूर्त रुप दिन र तिनै योजना र लक्ष्यलाई पूर्णता दिने सुरुवातका साथ वन तथा भू-संरक्षण विभागले डब्लु डब्लु एफ नेपाल र अमेरिकी विकास नियोगको सहयोगमा संचालित हरियो वन कार्यक्रमको प्राविधिक र अर्थिक सहयोगमा पहिलो वनस्पति प्रजाति संरक्षण कार्ययोजनाको रुपमा नेपालको विजयसाल संरक्षण कार्य योजना (२०७५-२०७९) स्विकृत गरी लागु गरेको छ।

## ५. संरक्षण प्रयासहरू

नेपाल सरकारले विजयसाललाई संरक्षित वनस्पति घोषणा गरी यसको कटान, ओसार पसार र निर्यातमा प्रतिबन्ध लगाएको छ (स्वीकृत कार्य योजना भएका व्यवस्थित वनबाट बाहेक) । तत्कालिन वृक्ष सुधार कार्यक्रमले कन्चनपुरमा विजयसालको वीउ बगैंचा स्थापना गरी यसको परस्थानिय संरक्षण गरेको छ भने अमेरिकी विकास नियोगको सहयोगमा संचालित हरियो वन कार्यक्रमको आर्थिक सहयोगमा कपिलवस्तु जिल्लाको सरस्वती र शान्ति सामुदायिक वनमा यो प्रजातिको संरक्षणको लागी वन हेरालुहरुबाट निगरानी राख्ने र तारबार लगाउने जस्ता

CamScanner

संरक्षणात्मक कार्य गर्नका साथै बीजको स्थिरता र बीजको श्रोत संरक्षणका लागि विजयसालको विवरण तयार गर्ने तथा रुखमा ट्याग लगाउने कार्यहरु गर्दै आईरहेको छ । वन अनुसन्धान तथा सर्वेक्षण विभागले रुपन्देही जिल्लाको जोगीकुटीमा विजयसालको वीउ बगैंचा स्थापना गरेको छ। त्यस्तै तत्कालिन जिल्ला वन कार्यालय हाल डिभिजन वन कार्यालय कन्चनपुरले वि.स. २०७१ सालमा स्थानिय सामुदायिक वन उपभोक्ताहरुसंगको सहकार्यमा विजयसाल संरक्षणका लागी विजयसालको प्राकृतिक उद्‌गम हुने क्षेत्रहरुको पहिचान र नामांकन, सहिद स्मृति सामुदायिक वन, बरकुण्डमा विजयसालको रुखहरुको स्थलगतरुपमा गणना, सयपत्री सामुदायिक वन, कृष्णपुर-६ मा वीउ बगैंचा स्थापना, सामुदायिक वनमा चरन व्यवस्थापन, लेखरचना, पुस्तिका, ई-प्रतिवेदन मार्फत सूचना सम्प्रेषण तथा प्रचारप्रसारका कार्यक्रमहरु संचालन गरेको थियो । जिल्ला वनस्पति कार्यालय, कैलालीद्धारा आफ्नो नर्सरीमा विजयसालका बेर्ना उत्पादन कार्यको शुरुवात भएको छ। साथै डिभिजन वन कार्यालय, नवलपरासी र रुपन्देही तथा शुक्लाफाँटा राष्ट्रिय निकुन्जले विजयसालको रुख पहिचान, प्राथमिकता प्राप्त स्थान पहिचान तथा स्वस्थानीय संरक्षणका कार्यहरु गर्दै आईरहेको छ। यसका अतिरिक्त बर्दिया जिल्लामा निजी नर्सरीहरुले समेत विजयसालका बेर्ना तयार गरिरहेका छन् । हालै मात्र विजयसालको विस्तार क्षेत्रमा अधिक दोहनको जोखिम तथा क्षयीकरण कम गर्ने र यसको संख्या र उद्‌गम स्थलको प्रवर्द्धन गरी वासस्थान संरक्षणको लक्ष्य तथा नेपालमा दिगो उपयोगलाई सुनिश्चित गर्न यसका स्वस्थानीय र परस्थानीय संरक्षणका उपायहरुको प्रवर्द्धन गरी यसको स्वस्थ संख्या कायम गर्ने उद्देश्य र ति उद्देश्य प्राप्त गर्नको लागि विभिन्न रणनीति तथा कार्यनीतिहरू समावेश गरी वन तथा भू-संरक्षण विभागले नेपालको विजयसाल संरक्षण कार्ययोजना (२०७५-२०७९) स्विकृत गरी कार्यान्वयनको अवस्थामा रहेको छ।

## ६. भावी कार्यदिशा

- विजयसाल प्रजातिको अवस्था, वितरण, अंकुरण र वासस्थानका बारेमा समझदारी र ज्ञानको विस्तारका योजना तथा कार्यक्रमहरु बनाई कार्यान्वयन गर्ने ।
- प्राथमिकतामा परेका स्थलहरुको व्यवस्थापन गरि राष्ट्रिय स्तरमा विजयसालको उत्पादनशील रुखहरुको संख्यामा वृद्धि गर्ने ।
- विजयसालको संरक्षणको लागी बहुआयामिक सरोकारवालाहरुको सहभागितालाई सवलीकरण गर्ने ।
- विजयसाल प्रजाति संरक्षण अभियान, प्रजाति पाइने स्थल र संख्याको अभिलेखीकरण लगायत प्रदर्शनी स्थल र बागवानी स्थलको स्थापना गरी यस प्रजातिको संरक्षण र व्यवस्थापन गर्ने ।
- विजयसालको वीउ बगैंचा स्थापना तथा स्थापित वीउ बगैंचाहरुको संरक्षण र व्यवस्थापनका कार्यक्रमहरु संचालन गर्ने ।

**थप जानकारीका लागि :**

**सम्बन्धित डिभिजन वन कार्यालयहरु**

**वन तथा भू-संरक्षण विभाग, वन सम्वर्धन शाखा**

**बबरमहल, काठमाडौं**

**फोन नं.:** ०१-४२३८२९२, ४२५७८७०, ४२२१४५५, ४२२२०८८

CamScanner